रत्ननगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

टाँडी, चितवन

बागमती प्रदेश, नेपाल

## *स्यानिटरी प्याड खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना*

प्रथम पटक प्रकाशित मिति: **२०७८/०१/१८**

१ यस कार्यालयबाट सामुदायीक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा नि:शुल्क वितरण गर्न सेनिटरी प्याडहरु सिलबन्दी बोलपत्रद्वारा खरिद गर्नु परेकोले मिति २०७८/०१/१८ देखि मिति २०७८/०२/१७ गते सम्म कार्यालय समय भित्र बोलपत्र फारम दस्तुर रु.३०००। अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने) रत्ननगर **नगरपालिकाको कार्यालय,** टाँडी **चितवन मा रहेको** राष्ट्रिय वाणिज्य बैंकको **आन्तरिक राजस्व** खाता नं. (ग,११) १८३०१००३०१०१०००३ मा जम्मा गरेको सक्कलै भौच तिरी चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, व्यवसाय प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७६/७७ को कर चुक्ता प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी संलग्न गरी रु.१०।- को टिकट टाँसी बोलपत्रफाराम खरिद गर्न इच्छुक व्यक्ति वा फर्म समक्ष यो सूचना प्रकाशित गरिएको छ। बोलपत्र फाराम रत्ननगर नगरकार्यपालिकाको कार्यालय,बकुलरमा निवेदन पेश गरी खरिद गर्न सकिनेछ।

२ बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

३ मिति २०७८/०२/१७ गते दिनको १२:०० बजे भित्र आफैंले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराइसक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोवहरमा यस कार्यालयमा खोलिनेछन्। बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन। बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ।

४. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर रत्ननगर **नगरपालिकाको कार्यालय,** टाँडी **चितवन**को राष्ट्रिय बणिज्य बैंकको धरौटी खाता नं. १८३०१००३०३००००३ मा जम्मा गरेको सक्कलै भौचर वा 'क' वर्गको बैकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ। विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ। स्वीकृत बोलपत्रदाताले कार्यालयले तोके अनुसारको कार्यालयको नामको परफरमेन्स वण्ड संम्झौता गर्नु अगावै पेश गर्नु पर्नेछ। नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन।

५. बोलपत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ। बोलपत्रदाताले बोलपत्रको आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ। संम्झौता हुदा सेनिटरी प्याडको परिमाणमा थपघट हुन सक्नेछ। साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्र साथ आपूर्ति गर्ने सेनिटरी प्याडहरु अल्ट्राथिन(Ultra-phin) गुणस्तरको Trifold बमोजिम हुनुपर्ने साथै अन्य कुराहरु सेनिटरी प्याड( वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसुचि १ बमोजिम हुनुपर्नेछ।

७. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै व्यहोर्नु पर्नेछ।

८. आपूर्ति हुने सेनिटरी प्याडको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ। तर कुनै सेनिटरी प्याडको Expiry Date १८ महिना भन्दा कम हुने अवस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ।

९. सप्लाई हुने सेनिटरी प्याडको प्रत्येक प्याकिङ्गमा प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र सकेसम्म **नेपाल सरकार द्वारा नि:शुल्क बितरणको लागि** भन्ने वाक्यांश उल्लेख भएको हुनुपर्नेछ।

१०. सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र व्यवसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ।

११. बिदेशी सेनिटरी प्याडको हकमा सम्वन्धीत बिभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ।

१२. बोलपत्रदाताले उपलब्ध गराउने सेनिटरी प्याड स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र ( Authorization letter) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नु पर्नेछ।

१३. एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन।

१४. बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ।

१५. बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनु पर्नेछ। साथै बोलपत्रदाताले पेश गर्ने संपूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र नोटरी पब्लिकबाट अनिवार्यरुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ।

१६. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३(संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ। बिस्तृत जानकारीको लागी रत्ननगर **नगरपालिकाको कार्यालय,** बकुलर **चितवन** सार्वजानिक खरिद शाखा जिन्सीमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

तपसिल

| सि.नं | सूचना नं | बिवरण | लागत अनुमान मू.अ.कर सहित | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | 1/076/077 (शिक्षा) | स्यानिटरी प्याड खरिद | रु २१,४१,००० एक्काईस लाख एक्चालिस हजार मात्र।- | ५३,६००/- त्रिपन्न हजार छ सय मात्र/- | |

प्रमुख प्रशासकिय अधिकृत